# खैरहनी नगरपालिका
## नगर कार्यपलिकाको कार्यालय
## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको
## बिधेयक, २०७४

नगर सभाबाट पारित मितिः २०७४/०३/३१

प्रस्तावना:

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम 'आर्थिक ऐन, २०७४' रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि खैरहनी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. परिभाषा र व्याख्या :** (क) सम्पत्तिकर भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा नगरपालिकाको क्षेत्रभित्र रहेको जग्गा र सो जग्गामा बनेको स्थायी संरचना (घर, गोठ, टहरा, गोदाम आदि समेत) मा नगरपालिकाले लगाउने कर भन्ने बुझिन्छ ।

**३. सम्पत्तिकर :** (१) खैरहनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थाई संरचना (घर, गोठ, टहरा, गोदाम आदि समेत) मा एकीकृत सम्पत्तिकर लगाइने र असूलउपर गरिनेछ । यस करको दर **अनुसूची १** बमोजिम हुनेछ ।

४. व्यवसाय कर, बहाल कर, सवारी कर, मनोरञ्जन कर, विज्ञापन कर, सरसफाई तथा वातावरण प्रदुषण शुल्क, बसपार्क तथा सवारी पार्कीङ्ग शुल्क, नक्शापास दस्तुर, वा अन्य कर, शुल्क, दस्तुर र महशुल समेत **अनुसुचि २** बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

५. एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि जग्गाको मूल्यांकन गर्दा खैरहनी नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिश बमोजिम नगर सभाले स्वीकृत गरेको मुल्याङ्कन अनुरुप हुनेछ ।

६. नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौतिक संरचनामा एकीकृत सम्पत्तिकर लगाइने छैन ।

७. एकीकृत सम्पत्तिकर लागेको सम्पत्तिमा घरजग्गाकर तथा मालपोत वा भूमीकर लाग्ने छैन । तर एकीकृत सम्पत्तिकर लागू हुनु भन्दा अघि (आ.व. २०७४।०७५ भन्दा अघिल्लो आ.व. सम्म) को बक्यौता घरजग्गाकर तथा मालपोत असूली गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

८. एकिकृत सम्पत्ति कर निर्धारण प्रयोजनका लागि भौतिक संरचनाको मूल्याङ्कन गर्दा अनुसूची १ मा उल्लेखित दर अनुसार ह्रास कट्टी गरी मूल्याङ्कन गरिनेछ ।

९. नगरपालिकाले कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी आदि पूरै वा आंशिक तबरले बहालमा दिने व्यक्ति वा संस्थालाई आफ्नो सम्पत्ति बहालमा दिंदा बहालमा बस्ने संग अनिबार्यरुपमा सम्झौता गर्नुपर्ने गरी आदेश दिन सक्नेछ ।

१०. सम्झौता गरी बहालमा बस्ने व्यक्ति वा संस्थाको व्यक्तिगत बिबरण तथा निजसँग भएको सम्झौताको एक प्रति सम्बन्धित वडा समितिको कार्यालयमा समेत बुझाउन नगरपालिकाले अनिबार्य गर्न सक्नेछ ।

११. बहालकर निर्धारण प्रयोजनका लागि नगरपालिकाले बहाल रकमलाई समसामयिक एवं व्यवहारिक बनाउन कुनै क्षेत्र वा सडक वा बस्तीलाई आधार मानेर बहालको न्यूनतम दर तोक्न सक्नेछ ।

१२. नगर कार्यपालिकाले बहालकर संकलनको प्रभावकारिता बृद्धि गर्नका लागि आवश्यक निर्णय लिन सक्नेछ ।

१३. व्यवसाय कर (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोबार समेतका आधारमा अनुसूचि (७) बमोजिम व्यवसायकर लगाइने र असूलउपर गरिनेछ ।

१४. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर यो ऐन प्रारम्भ भए पछि एक वर्ष सम्म कर बुझाउन आएमा अनुसूची १ मा तोकिए बमोजिम छुट दिइनेछ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

१६. **बिबिधः (१)**

नेपालको संबिधान २०७२ को धारा ५७(५), १०९, १६२(४), १९७, २१४(२), २२१(२), र २२६(१) सँग सम्बन्धित अनुसूचि ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरुको हकमा प्रदेश तथा संघीय कानून स्वीकृत भै सोही कानूनहरुमा ब्यबस्था भए बमोजिम हुनेछ ।

(२)

(क) कर, शुल्क तथा दस्तुरहरुको दर निर्धारण गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ तथा स्थानीय निकाय आ प्र नियमावली २०६४ मा उल्लेखित न्युनतम तथा अधिकतम सीमालाई आधार मानिने छ । स्थानीय तहको कानून निर्माण

भै कार्यान्वयनमा आए पछि स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय निकाय आ.प्र. नियमावली २०६४ मा उल्लेखित सीमालाई आधार लिई तय भएका कर, शुल्क तथा दस्तुरहरुको दर वा सीमाहरु बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(ख) यस ऐन बमोजिमको कर, शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्नेगरी आवश्यक रणनीति निर्माण गरी सार्वजनिक निजी साझेदारी (Public Private Partnership (PPP) को अवधारणा अनुसार आवश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरी केही आयोजनाहरु कार्यान्वयन गर्न सक्ने छ ।

(ग) आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरु निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरवासीहरु र सरोकारवालाहरु समेतको आबश्यक परामर्श एवं सहयोग लिन सक्नेछ ।

(घ) नगरका विभिन्न स्थानमा अस्थायी रुपमा वसोवास गरिरहेका नागरिकहरुलाई करको दायरामा ल्याउन नगरपालिकाले आवश्यक कार्यविधि तयार गरी लागू गर्न सक्नेछ ।